**<u>मिति २०७५ भाद्र १७ गते बसेको कार्यपालिका बैठकमा पेश भएका एजेण्डाहरु</u>**

१. ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेलको ठेक्का सम्बन्धमा ।
२. ठेक्का सूचनाको समयावधी सम्बन्धमा ।
३. गौरा, तिजका लागी आर्थिक सहयोग सम्बन्धमा ।

**<u>निर्णय नं. १</u> :**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा १ (च) बमोजिम नगरपालिकाले नै आफ्नो क्षेत्र भित्र रहेका नदी खोलाहरुबाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, ग्राभेल, बालुवा आदी) उत्खनन् तथा संकलन गरि सोको उपयोग वापत प्राकृतिक स्रोत कर उठाउन पाउने व्यवस्था भए अनुसार कार्यालयले नदी खोलाहरुको प्रारम्भिक वातावरणिय परिक्षण गरि सकेको हुँदा उक्त IEE प्रतिवेदन अनुसार र मिति २०७५/५/१७ गते बसेको नगर स्तरिय राजश्व परामर्श समितिको बैठकबाट सिफारिस भई आए अनुसार यस नगर क्षेत्र भित्र रहेका निम्नानुसारका नदी खोलाहरुको नदीजन्य पदार्थको उपयोगमा प्राकृतिक स्रोत कर संकलन कार्यलाई तपसिल बमोजिमको न्यूनतम मूल्याङ्कनका आधारमा ठेक्का बन्दोबस्ती मार्फत गर्ने निर्णय गरियो ।

| क्र.सं. | नदी तथा खोलाको नाम | न्यूनतम ठेक्का अंक (म.अ. कर तथा अन्य र बाहक) |
|---|---|---|
| १ | खुटिया नदी | रु. ५,५०,००,०००।- (पाँच करोड पचास लाख) |
| २ | गोदावरी नदी | रु. ५०,००,०००।- (पचास लाख) |
| ३ | खैराना नदी | रु. ७५,००,०००।- (पचहत्तर लाख) |

**<u>निर्णय नं. २</u> :**

गोदावरी नगरपालिका क्षेत्र भित्रका निर्णय नं. १ अनुसारका नदी खोलाहरुबाट प्राकृतिक स्रोत कर संकलनको लागी २०७५ असोज १ गतेबाट संकलन कार्य सुरु गर्नुपर्ने भएको हुँदा १५ दिन भन्दा बढीको सूचना दिँदा ठेक्का कार्यमा बिलम्ब आई राजश्व गुम्ने भएकोले उपरोक्त प्राकृतिक स्रोत कर संकलन सम्बन्धीको ठेक्काको लागी १५ (पन्ध्र) दिने सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. ३</u> :**

गोदावरी नगरपालिका क्षेत्रमा बसोवास गर्ने विभिन्न धर्म संस्कृतीका मानिसहरुले सदियौं देखि मनाउदै आईरहेका विभिन्न पर्वहरु मध्ये तिज कार्यक्रम पनि एउटा विशेष पर्व रहेकोले उक्त कार्यक्रम यस न.पा.का सबै वडाहरुमा मनाइने भएको हुँदा वडा कार्यालयको सिफारिसमा प्रति वडा तिज कार्यक्रमका लागी रु. १५,०००।- (पन्ध्र हजार) आर्थिक सहयोग गर्ने निर्णय गरियो । साथै यस क्षेत्रको मौलिक पर्वका रुपमा रहेको गौरा पर्वका लागी यस कार्यालयमा प्राप्त भएका निवेदनहरु मध्ये प्राथमिकता तथा औचित्यताका आधारमा बढीमा रु. १५,०००।- (पन्ध्र हजार) आर्थिक सहयोग गर्ने निर्णय गरियो ।